हाम्रो-धर्म

२.९४. पु
पो ७५६ हा

छविलाल पोखरेल
धरान

हाम्रो-धर्म

लेखक
छविलाल पोख्रेल
धरान

प्रकाशक :-

सनातन धर्म सेवा, समिति

सुनसरी जिल्ला शाखा

धरान-५

कोशी अञ्चल (नेपाल)

पहिलो पल्ट प्रति १०००

प्रकाशन : रामनवमी २०४६

मूल्य :- ७।—

मुद्रक :

सापकोटा प्रिण्टिङ्ग प्रेस, धरान-४

फोन : २००३०

* प्रकाशकीय *

हाम्रो धर्मका बारेमा, छोटकरीमा परिचय दिने-दिलाउने, साना-सजिला पुस्तकहरुको अत्यन्तै कमी छ। ठूला पुस्तकलाई बसेर पढि दिने, समय दिन सक्ने अवस्था, आज विज्ञानको-विकासको यो जमानामा छोटिंदै गएको छ। जिन्दगी अब दगुर्न लागि सके जस्तो छ। ठूला, विशाल कार्य ग्रन्थ, महाग्रन्थ त छुँदै छन् सजिलो भाषा र सरल शैलीमा अनि थोरैमा हाम्रो धर्मको परिचय प्रस्तुत गरिद्दिने र गर्दै जानेहरुको आज ठूलो खांचो छ। बरु विषय विषय गरेर अलग अलग पुस्तिका किन न

बनून तर चट्ट पढि सकिउन्, भरसक एकै बैठकमा, अझ त्यो भन्दा पनि छिटो, थोरै समयमा ।

"हाम्रो धर्म" श्रद्धेय विद्वान् श्री छविलाल पोख्रेलज्यूले यस्तै पारामा लेख्नु भएको एउटा लघुपुस्तिका हो । उद्देश्य अनुरुपको यो थालनी हो। 'सनातन धर्म सेवा समिति, सुनसरी शाखा, धरानले यस लाई प्रकाशित रुपमा यहाँहरु संमुख प्रस्तुत गर्ने पु-याउने आँट ग-यो । यहाँहरुले यक्ष-लाई दिनु भएको स्नेह नै हाम्रालागि, अगाडि आत्मबल किंवा सम्बल हुने कुरा-मा कुनै सन्देह छंन । यस लघुपुस्तिकामा हाम्रो धर्मको विविध पक्षबाट अति संक्षेप मा परिचय दिने समादरणोय कार्य उहां-बाट हुन गएको छ । झण्डै सात दशक अघि देखि यो देश, धर्म भाषा, समाज र साहित्य

संस्कृति सबै तर्फ अविरलगतिले लेख्तै सेवा-टेवा पु-याउँदै, विभिन्न संस्थाहरुबाट सम्मानित एवं पुरस्कृत भै आउनु भएको उहाँका परिचयमा थप कुरा लेख्न पर्ने जस्तो लाग्दैन । हामो उहाँको शतायुष्यको मङ्गलमय कामना गर्दछौं र उहाँको यो लेखन-सरिता आफ्नो कल्याणमयो प्रवाह-पीयूषले सबैलाई परितृप्तगर्दै रहोस् कहिल्यै नथाकोस्, नगलोस् भनी परमपिता परमेश्वर संग प्रार्थना गर्दछौं ।

—: समाप्त :—

प्रकाशक :-

* भूमिका *

हाम्रो धर्मको परिचय नेपालका प्रत्येक मनुष्यमा पु-याउन र नयां पींढीमा समेत पनि सादैं-परिचय दिलाउँदै लैजानू, आज-को एउटा प्रमुख कर्तव्य भएको छ। विश्व-मा भएको विज्ञानको प्रकाश र त्यसबाट छिटो प्रगति गर्न लागेका हरुको जल्दो बल्दो प्रतापबाट विश्व नै प्रभावित हुन लागेको यस परिप्रेक्ष्यमा, हामीले आफ्नो धर्मको खोजी नीति गर्नु र त्यसको स्थान के छ र महत्व पनि के छ, कति पुरानु हो र यसका खास कुरा के के हुन् इत्यादि कुरामा संक्षेप मै भए पनि जानकारी पाई-राख्नु ठूलो लाभदायक कुरो भएकोले र

ठूला ठूला आधुनिक विषयहरुमा पुरा अधिकार राख्नेलाई पनि समय र सजिलो संक्षिप्त रुपको हाम्रो धर्म संस्कृतिमा प्रकाश पार्ने त्यस्तो ग्रन्थका अभावमा, म त केहि पनि जान्दिन भनेर पन्छेर, नोच-मारेर, पछिपरेर बस्न न परोस् भन्ने उद्देश्यको सिलसिलामा यो एउटा सानो पुस्तक लेखिएको छ । विज्ञ पाठकहरूबाट यसले समादर पायो भने निश्चय नै त्यही मलाई अघि बढ्न ठूलो प्रेरणा हुनेछ ।

धन्यवाद !

छविलाल पोखरेल
धरान १२

विषय सूची

क्र. सं.	विषय	पृष्ठ
१.	हाम्रा धर्मका नाम	१
२.	सद् ब्यवहार पक्ष	८
३.	आर्यहरु यहींका बासिन्दा हुन्	१०
४.	असद् ब्यवहार पक्ष	११
५.	उपासना पक्ष	१४
६.	ब्रत बन्ध	१७
७.	ब्रत बन्धको समय	२१
८.	हाम्रो धर्मको मूल ग्रन्थ वेद	२२
९.	वेद समय	२४
१०.	वेद के के लाई मान्नू ?	२६
११.	हाम्रा साथमा सम्बन्द्ध बाहिरी सम्प्रदायहरु	२८
१२.	धर्म परिवर्तन के हो ?	२८
१३.	समाज सुधार	३१
१४.	थप कुरा	३४

* हाम्रो धर्म *

हाम्रा धर्मका नाम

हाम्रा धर्मका चल्तीमा आएका तीनवटा नाम छन् । ती हुन् सनातनधर्म, आर्यधर्म र हिन्दु धर्म ।

सनातन शब्दको अर्थ हो-पुरानो, प्राचीन, अति प्राचीनकाल वेदको समय देखि चलिआएको वेददेखि सदा चालू भएको । सनातन शब्दै पनि अति प्राचीन हो, यो शब्द वैदिककालदेखिको हो । यसका पर्यायमा अमरकोशकारले शाश्वत, ध्रुव, नित्य र सनातन शब्द दिएका छन्:-

"शाश्वतस्तु ध्रुवो नित्य: सदातन: सनातन:" भनेर। मनुस्मृति (४/१३८) ले यो हाम्रो धर्मलाई 'एष धर्म: सनातन:" यो सनातन धर्म हो भनेको छ । बुद्धको उपदेश धम्मपदमा पनि "एस धम्मो सनन्तनो" भनेको छ। यस्तै अरू अन्यत्र पनि, हाम्रा प्राचीन ग्रन्थहरूमा हाम्रो धर्मलाई 'सनातन धर्म' शब्दले अभिहित गरेको पाइन्छ ।

हाम्रो धर्मको 'आर्य धर्म' भन्ने नाम पनि पुरानै समयदेखि चलिआएको हो । श्रीमद्भागवत (१/१८/४५) मा "तदार्यधर्मश्च विलीयते नृणाम्" भनेर आर्यधर्म भनी हाम्रै धर्मलाई भनेको, काशी विश्वनाथ आदि मन्दिरका बाहिर ढोकाका शिलापत्रमा समेत "आर्यधर्मेतराणां

प्रवेशो निषिद्धः'' अर्थात् "आर्यधर्मी बाहेकले पस्न हुँदैन।'' भन्ने वाक्यहरुको 'आर्यधर्म' शब्दले हाम्रै धर्मलाई कहि रहेको छ र त्यो मानिंदै पनि आइएको छ।

आर्यशब्दको अर्थ अहिलेसम्म चार थरिको गरेका छन्, तर वेद, वाल्मीकि रामायण, अमरकोश र बौद्धग्रन्थहरूले समेत चार आर्यसत्य र आर्य अष्टाङ्गिक मार्ग बताउँदा "अहिंसा सब्ब पाणानं अरियोति पवुच्चति'' (धम्मपद, धम्मट्ठबग्गो १५) अर्थात् सबैको हिंसा न गर्नु नै आर्य हो भन्ने समेतले आर्य शब्दको अर्थ सभ्य, सज्जन, विद्वान्, श्रेष्ठ, पवित्र इत्यादि गरेका छन्, यही अर्थ ठीक हो। वाल्मीकि रामायणमा बाली, सुग्रीव र रावण समेतलाई 'आर्य' भनेको छ।

गालीगर्दा अचेल 'अनारी' भने जस्तै कैकेयीलाई दशरथले 'अनार्या' भनेको छ, उता उनैलाई सीताले 'आर्या' भनेको छ। दोस्रो भयङ्कर अर्थ हिटलरको थियो र उस्तै नाक, मुख, अनुहार भएका गोरा यहूदीलाई 'अनार्य' भनेर १३ महीनासम्म दिनको १३हज्जारसम्मलाई 'ग्यास चेम्बर' मा हालेर मार्दै थियो हिटलर सकिए पछि त्यो अर्थ पनि सकियो, अब त्यस अर्थ ले दुख दिंदैन। तेस्रो अर्थ भारतका ठूला विद्वान् स्वामी करपात्रीजीले 'विचार पीयूष' को पृष्ठ ४१९ मा ब्राह्मण, क्षत्रिय र वैश्यमात्र 'आर्य' हुन् अरू 'अनार्य' हुन् भन्ने लेखेको छ, तर त्यो 'आर्य'-'अनार्य' अर्थले पाठ्यपुस्तकहरूमा न आएकोले पिर पिराउ गर्दैन। चौथो अर्थ अग्रेजो

साम्राज्य कायम गर्न र ईसाई-करण गर्न समेत दुईसय वर्ष अघिदेखि, मुख्य वेदको समेत नामबाट, आयहरू बाहिरबाट इसवी पूर्व तेह्र वा पन्ध्रसय वर्ष अघि आई सिन्धु सभ्यता ध्वस्त पारेर, शासन गर्न थाले; वेद बनाए, यहाँका अनेक सभ्य जातलाई तल्लो तहमा राखे भन्ने इत्यादि अनेक इतिहास घोकाए। अझै पनि नेपालका पाठ्य पुस्तकहरूमा समेत हेर्न, देख्न पाइन्छ। लाखौं नेपाली छात्रहरू पढ्ने हुँदा हाम्रा वेद आदि सद्ग्रन्थमा ऋषि, मुनि, राम आदि श्रद्धेय महापुरुषहरूमा अश्रद्धा अनास्था बढाइँदै छ। नेपालका र भारतका पनि कतिपय पत्रिकाहरूबाट समेत यस्ता कुरा प्रचार गरिँदै छ। आर्य शब्दको यो चौथो अर्थले कहिलेसम्म दुःख दिने हो?

भत्भति पोल्दैछ, फूट बढाउँदैछ, नेपाली-को साझा फूलवारी बिगार्ने डर छ । त्यसो हुँदा पृथ्वीभरका उत्तम मान्छे आर्य नै हुन्, तर आर्यधर्मी चाहिं वदिक बौद्ध, जैन, सिक्ख, कबीरपन्थी, जोसमनी आदि ॐकार मान्ने सबै हुन् अर्थात् यी सबै आर्यधर्मी हुन् ।

हाम्रो धर्मलाई 'हिन्दु धर्म' भनेकोमा 'हिन्दु' शब्द वेद, रामायण र स्मृतिहरूमा समेत नभएकोले अरुकै मनाइबाट हामो हिन्दू हौं, हिन्दूधर्मी हौं, किन भन्नु ?' इत्यादि तर्क पनि गरे, गर्दैछन् । तर 'सिन्धु या शब्द वेद मन्त्रहरूमा पाइन्छ । यहाँ सप्तकोशा भने झैं वेदमा 'सप्त-सिन्धव:' शब्द पनि जहाँतहाँ छ। ती नदी-हरू पञ्जाबमा र त्यसको पश्चिमपट्टि छन् ।

नदीका नाम सिन्धु, शतद्रु आदि छन् । वेद भन्दा केही पछिको मानिएको जेन्दावेस्ता नामक पारसी धर्मग्रन्थमा पारसीहरू १६ ठाउँमा बसाई सरेको इतिहासछ ।पन्ध्रौंठाउँ चाहिं 'हप्त-हिन्दव. सप्तसिन्धव.' भनेकाले काश्मिर, पंजाव, सिन्धप्रदेश समेत पर्दछ । हामीले सप्त+अह =सप्ताहलाई हप्ता भने झैं सिन्धु देखि पूर्वको देशलाई र त्यहाँ-का मान्छेलाई समेत हिन्दु वा हि-दू भन्न थाल्यौं । जेन्दावेस्तामा यहाँका मानिसलाई हिन्द पनि भनेको छ । तिनले मानेको धर्म हिन्दू धर्म भयो । हाम्रा श्री ५ बडा महा-राजाधिराज पृथ्वी नारायण शाहको-'पृथ्वी दिव्योपदेश' मा नेपाललाई असली हिन्दु स्थान, भनेको छ । नेपालका पुराना राजा-हरूले आफूलाई 'हिन्दुपति' भनेथे । अहिले

पनि नेपालको संविधानले नेपाललाई हिन्दू राष्ट्र घोषित गरेको छ। त्यसो हुँदा नेपाल र भारतका इसाई र मुसलमान बाहेक माथि भने अनुसारका ॐकार मान्ने सबै मान्छे 'हिन्दूधर्मी' हुन्। हाम्रो धर्मका उपासना र सद्व्यवहार समेत दुई पक्ष छन्।

सद्व्यवहार पक्ष

सद्व्यवहार पक्षका बारेमा महाभारत शान्ति पर्वको १०९ अध्यायमा—

"धारणाद्धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः यः स्याद् धारणसंयुक्तः स धर्म……।" ले भन्दछ- भोजन, वस्त्र, वास, शिक्षा, स्वास्थ्य, दुष्ट, ठग, हत्याराहरूबाट रक्षा समेत छ कुराबाट जनताको धारणा (पालन गर्नु थाम्नु) हुनु नै धर्म हो, जुन जुन कामबाट

ती काम पूरा हुन्छन्-त्यही धर्म हो। कसै लाई पीर-पिराउ, हानि न पारी, सबैलाई लाभ हुने काम गर्नु नै धर्म हो। यही सद्व्यवहार हो।

सदाचारका थोरै कुरा-आफ्नो घरमा बिहान ब्राह्म मुहूर्तमा उठेर, निद्रा त्यागेर, मनले परमात्मा को संझना ध्यान गर्नु र शय्या त्याग गरेर शौच शुद्धि, दांत माझ्नु, स्नान, जप, पाठ आदि शक्ति अनुसार पूरा गरेर बाबु-आमा आदि आफ्ना मान्यजनलाई ढोग-भेट-नमस्कार आदि गर्नु, आफ्नो शरीर, वस्त्र र घर वरिपरि भरसक बाटो गल्ली आदि समेत शुद्ध, स्वच्छ सफा- राम्रो राख्ने चेष्टा गर्नु। शुद्ध, ताजा, दुर्गन्ध नभएको खाना ठिक्क मात्रामा खानु। ज्यादै खानु अथवा

खांदै न खानु, ज्यादा सुत्नु अथवा न सुतेर जागा रहनु इत्यादि काम गर्न हुन्न, यसो ग-यो भने आफ्नै शरीर रोगी बन्न सक्तछ। अथवा कुनै पनि त्यस्तो काम न गर्नु जसले परिणाममा गएर न राम्रो गर्छ, हानि नोक्सानी गर्छ, यसमा विचार पु याउनु। यो र यस्ता जान्नु पर्ने कुरा आयुर्वेद, आचार-नीति-शास्त्रहरूमा थुप्र छन्,तिनको अध्ययन अभ्यास हुनुपर्छ र सक्षेपमा श्रीमद्भगवद् गीताका छटौं, सत्रौं र अठारौं अध्यायहरूमा पनि बताएका छन्। सदाचार पनि संक्षेपले यही नै हो।

आर्यहरु यहींका बासिन्दा हुन्।

बाहिरबाट आएकोमा वेद आदि कुनै ग्रन्थको प्रमाण कसैले दिएका छैनन्।

पाश्चात्य विद्वानहरूले नै पहिले त्यस्तो भनेथे। भारतमा शिक्षा विभाग त्यसवेला उनैको हुँदा त्यहोपढाए।त्यही कुरा नेपाली र भारतीयहरूलपनि पढे, पढाउँदैछन्। तर स्पष्ट प्रमाण अहिलसम्म दिन सकेका छैनन्। (डा० सम्पूर्णानन्दको 'आर्योंका आदिदेश' हेर्नुहोस्)

असद् व्यवहार

असद् व्यवहार मध्ये मुख्य कुन कुन हुन् ? आफूलाई र समाजलाई हानि गर्ने हुंदा जान्नु पर्छ र तो काम अपराध हुन्, छोड्नुपर्छ र छुटा-उनु पनि पर्छ। त्यस्ता अपराध बढ्दै गएमा समाज रोगो हुन्छ। त्यस्ता दुर्गुण अपराध-हरू धेरै नै छन् तापनि मुख्यरूपमा सात-वटा बताइएका छन्। जस्तै 'सप्तमर्यादा:

डा. डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

कवयस्ततक्षु स्तासामेकामिदभ्यं हुरोगात्" (ऋक् १०. ५. ६, ७. ८. ६, ६.) मुख्य गरी सातवटा दुर्गुण, अपराध त्याग्नुपर्छ भनी ऋषिमुनिहरूले बताए। ती मध्ये एकै वटा दुर्गुण लिएमा पनि पापी ठहर्छ। यो मनुष्य समाजलाई सपार्ने-बिगार्ने बुद्धि नै हो, त्यसैलाई विगार्ने दुर्गुणको राजा मद्यपान हो, त्यसलाइ पहिलो दर्जाको दुर्गुणमा वेद मन्त्रले गनेको छ। हाम्रो समाजमा बढ़ेका जांड रक्सी हुन्। ती बाहेक अफीम, चरेस, गांजा, भाँग आदि अनेक मादक पदार्थ मानिन्छन्। ती बाहेक शरीरलाई हानि गर्ने सुर्ती, तमाखु, बिडी, सिगरेट आदि पनि छन्। दोस्रो दुर्गुण जुवा हो, यसले धन र समय सबै थोक नष्ट गर्छ, स्वाहा पनि पार्दै रहन्छ। तेस्रो दुर्गुण

पति-पत्नि वाहेकमा व्यभिचार हुनु हो । चौथो शिकार खेल्न लागू हुनु हो। छैटौं कुट्नु सातौं लोभ रोक्न नसकी अन्यायले धन लिनु; आर्थिक भ्रष्टाचार हो । "मा गृध:" शुक्लयजुर्वेद ४०/१) ले कसैको धनमा पनि लोभ नगर्नु भनेको छ। त्यसैले संक्षेपमा यी असद्व्यवहार पक्षका सातवटा दुर्गुणहरूको उल्लेख यहाँ गरियो । कुन दुर्गुण र कुन सुगुण हुन् भन्ने कुरा हाम्रा व्यावहारिक जीवनमा प्रतिदिन आइ पर्ने काम कुराबाट पनि झल्किरहेका हुन्छन् विचार गर्नसक्नु पर्छ र ती सबै नराम्रा दुर्गुणहरू त्याग्ने, घटाउने, हटाउने तिर-लाग्नु पर्छ, किनकि यिनले हाम्रो सद्व्यव-हार धर्मपक्षमा बहुतै नराम्रो असर पार्द-छन्, पार्न सक्छन् । समाज भनेको नै

प्रत्येक ब्यक्तिको इकाईको समूह हो। यसले समाजलाई भलो देख्न, पहिले स्वयं, भलो देखिन सचेष्ट हुनु पर्ने कर्तब्य हुन जान्छ।

अर्को हो उपासना पक्ष

जसबाट यो विशाल विश्व ब्रह्माण्ड स्पन्दित छ, अनुप्राणित छ, त्यस्ता जगत-पिता परमेश्वरको जप, पाठ, पूजा, ध्यान, तीर्थ, ब्रत, यज्ञ आदिबाट आराधना गर्नु र भ्याए अनुकूल भए नित्य र सो न भए विशेष पर्व उत्सव, योगहरूमा मन्दिरमा जानु इत्यादि उपासना हुन्। जप चाहिं गायत्री मन्त्रबाट अथवा ॐ नमः शिवाय, ॐ नमो नारायणाय: इत्यादि नाम मन्त्र द्वारा गरिन्छ। दिन दिनै एक हज्जार, एक

सय आठ वा दश-पल्ट संम नै भए पनि शुद्ध भै शुद्ध पवित्र एकान्त आसनमा बसेर जप अवश्य नै गर्नु पर्छ। यो जप अन्य यात्राहरू जहाँ गए पनि गर्नु पर्छ । हाम्रो वेदमा उपासना जहाँ तहाँ छ तापनि शुक्ल यजुर्वेद चालीसौं अध्यायको पन्ध्रौं मन्त्रले "ॐ वायुरनिलममृत मथेदं भस्मान्तं शरीरम् । ॐ क्रतोस्मर क्लिवे स्मर कृतं स्मर ।" अर्थात् "हाम्रो प्राण वायु बाहिरी वायुमा मिल्छ, आत्मा अमृत (अमर) छ, शरीर चाहिं पोलेमा भस्म हुन्छ, ए ! मन ! 'ओम्' यो मन्त्र जप्तै परमेश्वरलाई संझनू, पहिले गरेका काम संझदै भविष्यमा उत्तम काम गर्ने विचार राख्नू ।"—भन्छ । "ॐ" यो एकाक्षरी वेदमन्त्रको अर्थ परमेश्वर हो, त्यसैले गीतामा—

"ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति,त्यजन् देहं स याति परमां गतिम् ।

अर्थात् एकाक्षरी वेदमन्त्र ॐ लाई भन्दै परमेश्वरलाई संझदै शरीर छुट्छ भने उत्तम गति पाउँछ" भनेको छ । उता योग शास्त्रले पनि "तस्य वाचकः प्रणवः, (पातञ्जल योगसूत्र १/२७), "तज्जप स्तदर्थभावनम् (पातञ्जल योग सूत्र १/२८) अर्थात् परमेश्वरलाई कहने मन्त्र ॐ हो, त्यसको जप गर्नू र त्यसको अर्थ परमेश्वरलाई सम्झनू" भनेको छ । यो भयो उपासना पक्षको अति छोटकरोमा, अत्यन्त सामान्य परिचय । यस विषयका ठुल ठुला शास्त्रहरु हामी कहाँ थुप्रो छन्, कुनै कमी छैन, खोज्न अन्यत्र कहीं कतै, अलमलिन

पर्दैन, जान पर्दैन । श्रद्धा र आस्थालाई जग बसाल्दै; जगाउँदै लगे पछि यिनलाई हेर्ने र यिनमा भएको गहिरो कुरा जान्ने इच्छा स्वत. उत्तरोत्तर प्रादुर्भूत हुँदै जान्छ र यस्ता मानिसको प्रकृति जागरूक एवं क्रियाशील हुँदै जान्छ, अनि खाजेको इच्छा गरेको कुरा पनि उपलब्ध गर्दै जान्छ, जाने हुन्छ । यो केवल दिग्दर्शन मात्र हो । उपासना त उपासक स्वयं आफूले गर्नु पर्छ, गर्नु पर्ने हुन्छ ।

ब्रत बन्ध

ब्रत बन्धा– हानि नोक्सानी गराउने जुवा, मद्यपान; चोरी, व्यभिचार आदि असत् काम छोडी, आफूलाई र अरुलाई समेत लाभ गराउने; उन्नति-प्रगत गराउने सत्कर्ममा लाग्नुको नाम हो ब्रत ।

सत्कार्य, सत्कर्ममा मात्र बाँधिए जस्तो भ लाग्नु र असत् काम, हानि गर्ने मद्यपान, जुवा, वेइमानी, व्यभिचार आदि चटक्क छोड्न समेत, परमेश्वरका प्रतीक अग्निलाई ईश्वर सम्झेर, गुरु-आचार्यहरुका अगाडि बटु (व्रत बन्धे केटो) ले प्रार्थना गर्न मन्त्र "ॐ अग्ने ! व्रतपते ! व्रत चरिष्यामि तच्छकेय, तन्मे, राध्यताम् । इदमहमनृतात् सत्यमुपमि, (शुक्लयजुर्वेद १/५) अर्थात् 'ए तेजोमय परमेश्वर ! अब म व्रत गर्छु; त्यो व्रत पूरा गर्न सकौं; त्यो सिद्ध गर्न सकौं। अब मैले असत् काम छोडें र (निश्चय नै सत्यलाई पाउँछु, भेट्छु ' भन्नेछ । यसरी यस प्रकारका प्रार्थना-प्रतिज्ञा पछि प्रतिदिन ईश्वरको उपासना गर्न गायत्री-मन्त्र सुनाउनु पछ । गायत्री नाम छन्दका

हो, "गायत्री छन्द सामहम्" (गीता) । यस गायत्री छन्दमा २४ अक्षर हुन्छन् । यस गायत्रीमन्त्रमा २३ अक्षर हुंदा निचृत भन्ने गायत्री हुन्छ भनेको हुंदा यसमा एक अक्षर पो कम भयो भन्ने आदि कुनै शंका पनि यहाँ छैन, लिन पर्दैन । पारस्कर गृह्यसूत्रमा ब्राह्मण, क्षत्रिय, वैश्यलाई समेत ब्रह्म गायत्री नै सुनाए हुन्छ, भन्ने कुरा 'सर्वेषां वा गायत्रीम्" ले भनेको छ । तर नयाँ मुलुकी ऐनले जन्मबाटै सानो-ठूलो भन्ने ऐन समाप्त गरेको र धार्मिक काम पनि हिन्दु धर्म व्यापी चाहिने हुंदा, सुधारवादीहरू इच्छा गर्ने सबै स्त्री-पुरुषलाई सुनाउने गर्दै छन् । अथवा एकाक्षरी वेद-मन्त्र ॐ लगाएका ॐ नमः शिवाय, वा ॐ नमो नाराणाय, भन्ने दुई मन्त्र छन् ।

ती दुई मन्त्र मध्ये कुनै एक मन्त्र सबै जातिलाई सुनाए हुन्छ र यी मन्त्रमा दुई नाम भए पनि वेदमन्त्र "एकं सद् विप्रा बहुधा वदन्ति" (ऋक-१/१६४/४६) ले 'एउटै परमेश्वरलाई अनेक नामले भन्छन्, कहन्छन्' भनेकोले जुन मन्त्र लिए पनि परमेश्वरलाई संझेको ठहर्छ। यी मन्त्र सबै ले नै लिन हुन्छ र जहाँ पनि जप गरे हुन्छ । जस्तै —

"अन्त्यजो वाऽधमो वाऽपि मूर्खो वा पण्डितोऽपि वा । पञ्चाक्षरजपे निष्ठो मुच्यते पापपञ्जरात् ।।" -शिवपुराण, वायवीय संहिता उत्तर खण्ड अ० १२

"गच्छतस्तिष्ठतो वाऽपि स्वेच्छया कर्म कुर्वतः अशुचेर्वा शुचेर्वाऽपि मन्त्रोऽय न च निष्फलः।।"

उही, अध्याय................

अर्थात् सानो, ठूलो, मूर्ख, विद्वान् जसले पनि जपगर्दा सबै पाप नष्ट हुन्छन्—भनिएको छ।

ब्रतबन्धको समय

ब्रतबन्ध पाँच, ५ वर्षको उमेर देखि लिएर दश, बाह्र वर्ष भित्रमा गरिदिसक्नु पर्दछ- जस्तो कि शास्त्रकारहरूको वचन छ। यो उचित कुराहो। सानो उमेरमा सस्कार बसाल्नु राम्रो कुरा हो, बालकहरु लाई नयाँ कुरा जान्न चाख पनि हुन्छ; लिन्छन्, सिक्तछन् र जान्दछन पनि। हाम्रो संस्कार, आचार-व्यवहारको पनि यही परम्परा छ, यो हाम्रो कुरो हो। ठूलो उमेरमा ब्रतबन्ध गर्दा ब्रतबन्ध गर्ने शास्त्रीय समय, नियम र उमेर समेत सबै उम्किसकेका हुन्छन् र कुनै कुनैता भाग्ने

पनि लाग्दछन् ।

हाम्रो, धर्मको मूलग्रन्थ वेद

हाम्रो धर्मको मूलग्रन्थ वेदै हो, त्यसको ठूलो महत्व छ, त्यो बुझ्नै पर्छ, त्या ईश्वरीय ज्ञान हो । १९ सय वर्ष अघि देखि इसाइले मानेको बाइबललाई र १४ सय वर्ष अघिदेखिको इस्लामको कुरानलाई समेत ईश्वरीय ज्ञान हो भन्दैछन् । झन् वेदको ता, कहिले हो कहिले, समयनै थाहछैन, मानव समाजलाई पहिले नै दिएको ईश्वरीय ज्ञान हो, अनादि छ । वेदको महत्व बुझ्न सबै मन्त्रहेर्नै हो भने साधारण मान्छेलाई जङ्गलमा अलमलिएको जस्तो पनि हुन सक्छ । अर्को कुरा, कुन कुनै पाश्चात्यहरुले र तदनुसारीले समेत जान्न र महत्व समाप्त गर्न समेत वेदभाष्य लेखे-

थे। तेसो हुंदा ऋग्वेदको उपसंहारका अन्तिम तीन मन्त्र र शुक्ल यजुर्वेदको उप-संहार चालीसौं अध्यायका सत्रवटा मन्त्र समेतलाई, वेदका अन्त्यमा हुनाले 'वेदान्त' भनेर सम्मान गरिन्थ्यो, गरिन्छ, । ती बीसवटा मन्त्रको अर्थ पनि अति सरल-सजिलो हुंदा, बुझ्न पनि कठिन पर्दैन । ती बीसवटा मन्त्र बाटै पनि वेदको कति र कस्तो महत्व छ; रहेछ, यो कुरा राम्रो संग बुझ्न सकिन्छ। अहिले राष्ट्रसङ्घले जो, मानव अधिकार र सह अस्तित्वको कुरा गर्दैछ; त्यो ता ऋग्वेदको अन्तिम मन्त्रको व्याख्या मात्र हो भन्न सकिन्छ। तर हामो-ले, 'मानवसृष्टिगर्दा ईश्वरबाट पाएको ज्ञानराशि वेद हो' भने पनि पृथ्वी भरका अन्यधर्मी विद्वानहरुले ता ऐतिहासिक दृष्टि

ले मात्र हेर्नें हुँदा हामीले पनि, वेदको समय ऐतिह्‍ासिक दृष्टिबाट पनि हेरिंदछ र बताईदै छ।

बेद–समय

बेद-समय पश्चात्य विद्वान् मैक्समूलर र ग्रिफिथ आदिले, भारतका श्री राहुल साँकृत्यायन आदिले र नेपालीहरु मध्ये पनि कैयौंले समेत "इसवीसन् भन्दा १५ सय अथवा १३ सय वर्ष पूर्वदेखि वेद बनाउन थाले" भने। तर त्यो अति असत्य कुरा हो भन्न सकिन्छ। बुद्धको समय २५ सयवर्ष अघिका हो भन्ने कुरा ऐतिहासिक सत्य छ, निश्चित छ। विक्रम सम्बत् भन्दा पहिले तीन हज्जार वर्ष सम्म युधिष्ठिर सम्वत् थियो। तेसैलाई अचेलको पात्रामा "कलियुग सम्बत्" भनी लेख्ने गरेको छ।

यसरी पांच हज्जार वर्ष अघि ता कृष्ण र युधिष्ठिर के समय भयो । त्यो भन्दा धेरै पहिलेको रामराज्य हो । त्यो भन्दा धेरै पुरानो वेद हो भन्ने कुरा स्पष्टै बुझ्न सकिन्छ । त्यसै हुँदा पण्डित जवाहरलाल नेहरूले 'हिन्दुस्तान को कहानी' मा र नेपाली नाटक सम्राट श्री बालकृष्ण 'सम' ले आफ्नो दार्शनिक पुस्तक नियमित आकस्मिकता' मा वेदलाई ६ हज्जार वर्ष भन्दा पुरानो हो भनी बताउनु भयो । अर्का ठूला विद्वान, गम्भीर विचारक-डाक्टर श्री सम्पूर्णानन्दले ''आर्योंका आदि देश' (पृ० २३६) मा र त्यस्तै अन्वेषक, ठूला विद्वान् श्री अविनाश चन्द्रले 'ऋग्वैदिक इण्डिया' नामक आफ्नो कृतिमा समेत अहिले देखि २५ हज्जार वर्ष पूर्व ऋग्वेद

विद्यमान थियो भनेका हुँदा वेद अति पुरानु भएर पनि अत्यन्त महत्वपूर्ण छ । त्यो बुझ्न, अरु पढ्न नसके, नभ्याए पनि, माथि उल्लेख गरिएका बिस मन्त्र चाहिं प्रत्येक व्यक्तिले अर्थ सहित पढन र पढाउन अति आवश्यक छ । अहिले सम्म वेद भन्दा पुरानु ग्रन्थ पृथ्वी भरमा पाएका छैनन् ।

बेंद के के लाई मान्नु ?

ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्व वेदका मन्त्रहरुमात्र वेद हुन् । ऋग्वेदका मन्त्र १०५८० छन् । यजुर्वेदका मन्त्र १९७५ र अथर्व वेदका मन्त्र ५९८७ छन् । ऋग्वेदका मन्त्रहरुमा नै साम गाइने हुँदा त्यसका छुट्टै मन्त्र मात्र ७५ छन् । यसरी सबै वेदका मन्त्रहरुको सख्या १८६१७ हुन्छ । यिनमा यजुर्वेदका शाखा भेदले

६।१० मन्त्र घटि बढी हुन्छन् । ब्याकरण महाभष्यको प्रथम आह्निकको आरम्भमा नै चारवेदका पहिला एक एक मन्त्र लेत्रे-काले तिनैलाई मात्र वेद मान्ने पनि कति छन् । तर वेद श्रुतिको एकै अर्थ हुंदा वेद-को ब्याख्या गर्न ब्राह्मण भागलाई पनि वेदै मान्ने, कात्यायन सूत्र आदि अनेक छन् । किन्तु मन्त्रहरूलाई मात्र वेद मान्ने पक्षलाई अङ्गीकार गर्ने, ब्राह्मण ग्रन्थलाई पनि बेद-को अर्थ मान्ने मत नै कात्यायन श्रौत सूत्र-ले "मन्त्रचोदनयोर्मन्त्रबलं प्रयोगित्वात् (का. श्रौ. सू १।५।७)" भनेर मन्त्रैका कुरा मान्नु पर्छ, भनेको हुंदा मन्त्र नं लेखिदै छन् र मन्त्र नै मानिदै छन् ।

हाम्रा साथमा सम्बद्ध बाहिरी सम्प्रदायहरू

हाम्रा साथमा सम्बद्ध बाहिरी सम्प्रदाय हरु चीनमा मुख्य धर्म ताओ र बौद्ध-धर्म छन्, जापानमा शिन्तो र बौद्ध-धर्म छन् इजरायलमा यहूदी धर्म छ। भारतमा १२। १३ लाख मान्छे पारसी धर्म मान्ने छन्। इसाई सम्प्रदाय यूरोपमा उब्जएको हो, धेरै तर्फ फैलाए।

धर्म परिवर्तन के हो ?

आफ्नू, सत्य ज्ञान-भण्डार वेद देखि चलेको ॐकार सहित मन्त्रहरुबाट गरिने, आफ्नो त्यो उपासना-पद्धति छोडेर, अर्कै बाटो अपनाउनु; ईशुको शरण परें अथवा अल्लाहको शरण् परें आदि भन्दै; जप्तै

आफ्ना पिता पुर्खाको धर्म छोडेर अन्त उब्जेको धर्मलिनू, धर्म परिवर्तन हो। त्यो काम अति अनुचित हो गर्न हुँदैन। अथवा-उपासना मन्त्र नै सुनेको छैन भने सुन्ने सुनाउने काम चालू गर्नु पर्छ। हाम्रो नयाँ मुल्की ऐनले कुनै जातलाई पनि सानो-ठूलो भनेको छैन। वेद मन्त्र "ईशावास्यमिदं सर्व यत् किञ्चजगत्यां जगत् (शु. यजु. ४०।१)" ले पृथ्वी भरमा जति प्राणी छन् तो सवैमा परमेश्वर व्याप्त छन्' भनेकोले मनुष्य पशु पक्षीमा बुझ्ने र बोल्ने शक्ति कम हुंदा ती बाहेक इन्द्रिय शक्ति कम न भएका पृथ्वीभरका सबै मनुष्य जन्मदै सानु-ठूलो छैनन। तेसैले नेपालका अघि अस्पृश्य मानिएका जात कामी, दमई सार्की आदिका छोरा-छोरीहरु पनि पढी-

लेखी गुणी, योग्य बनेर आफ्नो सत्कर्म क्रियाशीलताका प्रभावले ठूला ठूला पद, स्थानहरुमा रही देश र दुनियाको भलो हुने कामहरुमा लाग्नु भएको सबलाई यथार्थैं छ। यस्तो अस्पृश्य व्यवहार त मध्यकालमा अघि काम बाँडदा, कुनै अपराध गर्नेलाई बहिष्कार गर्दा र राज-नीतिले कैय्यौं वर्गलाई दबाउनु पर्दा समेत स्थायी गर्न धर्मको आडबाट, त्यो व्यवस्था गरेको स्पष्ट बुझिन्छ। यसरी धर्मका आड पाएकोले नै २००७ साल भन्दा पहिले स्कूलहरुमा अछुत जातलाई साथै पढाउँदा हाम्रो जात जान्छ, केटा केटीको खाने खा-जा छोइन्छ, यिनलाई निकाल्नु पर्दछ भन्दथे। तर अचेल उनका साथै बसेर खाए वनि जात जांदैन, अधर्म ठहरिंदैन ।

अहिले हाट-बजार, मिठाइ-पसल, बस मोटर, सिनेमा आदिमा छुवाछुत छैन । तर अहिले सम्म अनि गाउँ घरमा, पधेरो, कुवा, इनार, धाराहरू र कहिं पसलहरु छुन नदिने गरेको बुझिन्छ । पश्चिम तर्फ अस्पृश्य मानेका जातले पूजा आजा गर्दा, घण्ट शंख आदि बजाउँदा अरुले सहयोग गर्नु पर्नेमा गरेन छन् । वास्तवमा त मन्दिर, देव दर्शन, यज्ञ जप, पाठ-पूजा आदि, त्यस्ताले, गर्न खोजेमा जान्ने बुझ्ने सबैले सहयोग गर्नु पर्छ र अस्पृश्यता बांकी रहन दिन हुन्न ।

समाज सुधार

समाज सुधार माथि नै सातवटा दुर्गुण व्यसनहरुको चर्चा भै सकेको छ । समाजमा देखिएका ती र त्यस्त दुर्गुणहरु

हटाउँदै जानु नै मुख्य सुधार हो। जस्तो हाम्रा घरमा नै पनि दिन दिनै बढारेर भरिन, थुप्रन, आएको, फोहोर कसिगर सफा गर्दै रहनु पर्छ तेस्तै समाजमा पनि अनेक विकृति आउँदै रहन्छन र तिनको सुधार पनि गर्दै रहनु पर्छ र यो सुधारगर्नु पर्न छ भन्ने भावना, घर पतिमा सधैं भै रहे झैं, रामी समाजमा रहनेमा रहिनै रहन पछ, सुधारको चेतना ब्यूझिरहयो जागि रहयो, सुतेन निदाएन भने यसले समाजको अवश्य नै कल्याण गर्दछ। शिक्षा नै सुधारको पहिलो पाइलो भएकाले. त्य समा थोरै थपौं। हाम्रो शिक्षणमा कुनै प्रकारको विकृति न पसोस्, त्यसमा पनि शुरु देखि १० कक्षा सम्ममा साना केटा-केटीको गिदी बुद्धि वा मस्तिष्क-अत्यन्त

तेजिलो, ज्यादै सम्वेदनशील र तिखो बिम्बग्राही हुन्छ। त्यसमा जस्तो चित्र प-यो त्यस्तै त्यो तुरून्त टिपिहाल्छ, कुन राख्ने र कुन फाल्ने भन्ने विवेचनको विवेक छिप्पिसकेको हुन्न, त्यसैले जस्तो भेट्यो त्यस्तो टिप्यो त्यो, लामो समय सम्म भरसक जीवनै भरि त्यसले पक्रि राख्छ, अत: एव त्यसमा राम्रो बिम्बमात्र परोस्, पर्न सकोस् भनेर आफू, हामी सदा सर्वदा सचेष्ट, जागरुक रहन पर्दछ। त्यसमा पनि छिटो छाप पर्ने बाबु-आमा, गुरुजन गुरुवा गुरुमाको हो, यसैले यिनीहरुकालागि हामीहरूले सधैं सावधान बनिरहन पर्छ। जुवा, तास, बिडी सिगरेट अझ मद्यपान यी यस्ता कमजोरी हुन् कि आजको समाज मा यिनका उपरमा कसैको ध्यान गएको

देखिन्न । तर यिनको नराम्रो परिणाम भविष्यमा गएर मिल्दछ-स्वयं ध्यान नदिने मा त न राम्रो परिणाम प्रत्यक्षत: पर्छ पर्छ समाज र भोलिको राष्ट्र क भविष्य—बाल-बालिकाहरुमा पनि पर्छ । अत: यी दुर्गुण, दुर्व्यसनबाट स्वयं बचौं र समाज-लाई पनि बचाऔं ।

थप कुरा

आर्को कुरा पुस्तक पाठ्य त हो नि भनेर ख्याले नराखी, जे जस्तो पाइयो राखिदियो, पढाई दियो पनि गर्न हुन्न । यसको परिणाम नराम्रो हुन्छ । यी हाम्रा पाठ्यपुस्तक हरूमा अनेक असत्य मतिविगार्ने; भ्रामक, हाम्रो परम्परा, धर्म र आस्थामा श्रद्धा घटाइ दिने खालका कतिपय कुराहरु परि राखेका छन, दृष्टि-

दोष ले वा असाव धानीले पनि यो कुरा यस्ता पाठ्यमा रहन गएका हुनसक्छन, तिनलाई हटाउन, सपार्न वा परिष्कार गर्न गराउन हामीले अल्छी गर्न हुन्न, सम्बन्धित वर्ग वा विभाग-को ध्यान आकर्षित गर्न पर्छ, गर्दै रहन पर्छ ।

उदाहरणकालागि मात्र पाठ्य-पुस्तक हरूका बारे, थोरै कुरा लेखिन्छन । कक्षा ९-१० को इतिहास दोस्रो भागमा (क) वदिक मान्छे सुरा पान गर्थे (ख) सोम रस कुनै जङ्गली फलको रस हो, (ग, वैदिक समयमा धेरै देवताको पूजा थियो र मिस्र का अखनातूनले एकेश्वरको सिद्धान्त भनेका हुन्, (घ) सिन्धु सभ्यता पछिको वदिक सभ्यता हो, (ङ) आर्यहरु बाहिरबाट आएका हुन् इत्यादी भन्नु न मिल्दा कुरा हुन्

किन कि (क) वेदले सुराको निन्दा-निषेध गरेका कुरा माथि नै परि सके, त्यसैले सुरापान गर्थे कसरो भन्नु ? यता चरक जस्ता आयुर्वेदका प्राचीन मान्य आचार्यले मद्यलाई विष बराबरको त्याज्य भनो बताएका छन् (चरक स. चि.स्था. ६६.६७ (ख) सोम लताको रस हो फलको हैन, (शु. य. वेद अ ५ आदि) (ग) ईश्वर एक छन् भन्ने कुराको चर्चा पनि वैदिक प्रसङ्गमा माथि परिसकेको छ, एकेश्वर वादको अकाट्य र मजबूत सिद्धान्त आफ्नै, प्राचीन छँदा छँदै, बाहिरका कुनै अरूले दिएको भनेर किन धोकाउनु, बहु देवता किन पढाउनु ? "हिरण्य गर्भः" (ऋक् १०।१२१।१) र "अनेजदेकम्" (शु, अजुर्वेद अ. ४०।५ मन्त्र) (घ) सिन्धु सभ्यता

पछिको वैदिक सभ्यता हो कसरी भन्नु, वैदिक सभ्यतालाई २५ हज्जार वर्ष अघि-को मान्ने विद्वानहरुको प्रमाण माथि उप-न्यस्त गरि सकिए कै छ र एकै रुख-मा फल खाने र नखाने दुई चरा भएका रुखका चित्र सिन्धु सभ्यतामा पाइएका हुँदा "द्वासुपर्णा सयुजा०" (ऋक् १।१६४। २०) सिन्धु सभ्यता वैदिक सभ्यता हो भनी वैदिक र सिन्धु सभ्यतालाई अभिन्न सिद्ध गर्नेहरुको पनि जव कमी छैन, (ङ) आर्य-हरु बाहिरबाट आएका भन्ने कुनै ठोस प्रमाण कतै पाइन्न । (आर्योका आदि देश डा० सम्पूर्णान्द, वैदिक इण्डिया हेर्नु होस्)

यस्तै २७२८ सालको ८ कक्षाको समाजिक शिक्षामा कार्यहरु लेख्न जान्दैन थे, १० हज्जार वर्ष अघि मिस्त्रीहरुमा यो थियो, सिन्धु सभ्यताका भेदक आर्य र याजक द्रविड हुन् जस्ता कुरा न पढाएको भएर राम्रो हुन्थ्यो । यो विवादका विषय थिए किन कि अर्का थारले आर्यहरुनै पहि-

ला लेखक थिए भन्ने र अन्त: साक्ष्य दिएर, सिन्धु-सभ्यता बनाउनमा आर्यहरु-को योगदान थियो इत्यादि पनि भनेकै छन् । लेख्नं परे पनि, पढाउनं परे पनि दुबं पक्ष खुलाएर विवाद छ भनी स्पष्ट गरिदिनु राम्रो कुरा थियो, यस्तै भएको भए अलि कति भए पनि सत्यका नगीच पुगिन्थ्यो ।

यो कुरा केवल उदाहरणका लागि मात्र राखिएका हुन् । जो भयो भयो, अब अगाडी यस्तो नहोस्, हाम्रो समाजमा न-राम्रो सस्कार न आवस्, अझ बाल-बालि-काको सस्कार न बिगारौं, राम्रा बनाऔं र भोलिको भविष्य अझ गोरवमय र अति उज्जवल हवस्, भन्ने मुख्य लक्ष्य हो । हामी सबैको ध्यान सबै तर्फबाट; यी र यस्ता कुरामा जान सक्यो भने हाम्रो समाज अझ राम्रो अझ उज्यालो बन्ने छ । शुभम् ।

९८३५

—: समाप्त :—

मननीय केही वेद मन्त्रहरु

(क)

ॐ ईशावास्यमिदं सर्व यत्किं च जगत्यां जगत्
तेन त्यक्तेन भुञ्जीथा मागृधः कस्य स्विद्धनम् ॥

ए मनुष्यहो ! पृथ्वी भर जति प्राणी छन् ती सबमा ईश्वर ब्याप्त छन् । तेसो हुँदा केहि त्याग गर्दै भोग गर, कसैको धनमा लोभ नगर । (यजुर्वेद-४०।१)

ॐ कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।
सत्कर्म गर्दै-गर्दै सयवर्ष बाच्न इच्छा गर ।
(४०।२)

ॐ एकं सद् विप्रा बहुधा वदन्ति
(ऋक् १।१६४ ४६)

एक सत् परमेश्वर अनेक नामले पुकारिन्छन् ।

ॐ आ नो भद्राः क्रतवो यन्तु विश्वतः।(यजुः)

ए परमेश्वर ! हामीमा सबैतिरबाट राम्रा विचारमात्र आउन् ॥

ॐ सं गच्छध्वं स वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते ।

ए मनुष्य हो ! जुन प्रकारले पुराना पुरूखाहरूले सगठित भै आफ्ना आफ्ना विचारको आदान प्रदान गर्दै आफ्ना-आफ्ना भाग भोगे थे, तिमीहरु पनि त्यसै गर ।

ॐ समानमस्तु वो मनो यथा वः सुसहासति

जसरी तिमीहरूको सह अस्तित्व रहन्छ; तेसरी समान व्यवहार गर । (ऋक्)

ॐ सप्त मर्यादाः कवयस्ततक्ष स्तासामेकामिदभ्यं हुरोगात् ऋक् १०।५।६)

ॐ नमः स्वोदक्षो वरुण ! ध्रुति सा सुरा मन्यु बिभीतक अचित्तिः। अस्ति ज्यायान् कनोयस उपारे स्वप्नश्चनेदनृतस्य प्रयोता (ऋक् ७।८६।६)

शुद्धि-पत्र

अशुद्ध	शुद्ध	पृष्ठ	पंक्ति
कार्यं	काय	प्रकाशकीय	९
यक्ष	यत्न	”	१०
दिसु	दिनु	”	११
छ्यन	छैन	”	१३
त्या	त्यो	३	४
आय	आर्य	५	३
वदिक	वैदिक	६	४
सप्तकोशा	सप्तकोशो	६	१४
घम	धर्म	७	१२
सविधान	संविधान	८	१
थुप्र	थुप्रै	१०	८
हरूल	हरूले	११	४
अहिल	अहिले	११	५

अशुद्ध	शुद्ध	पृष्ठ	पंक्ति
यस	यसै	१४	१
....णयः	....णय	१४	१४
खाजेको	खोजेको	१७	६
प्रगात	प्रगति	१७	१५
भ	भैं	१८	१
आग्न	अग्नि	"	४
आचाय	आचार्य	"	५
मुपमि	मुपैमि	"	९
पछ । गायत्रा	पर्छ । गायत्री	"	१६
छन्दका	छन्दको	"	१६
वाऽद्यमो	वाऽधमो	२०	१०
नयम	नियम	२१	१५
बुझ्न पछ, त्या	-बुझ्नै पर्छ त्यो	२२	४
ईश्वराय	ईश्वरीय	"	८
भनिरछ	भनिन्छ	"	११

अशुद्ध	शुद्ध	पृष्ठ	पंक्ति
कुन कुन	कुनै कुनै	२२	१४
हेरिंदछ	हेरिंदैछ	२४	२
इण्डिया	इन्डिया	२५	१५
पृथ्वा	पृथ्वी	२६	७
अयर्व	अथर्व	२६	९
गन	गर्ने	२७	६
—	इस्लाम धर्म अरबबाट फैलिएको हो।	२८	९ (पंक्ति पछि)
वनि	पनि	३०	१६
रामी	हामीं	३२	८
न	नै	३२	१२
वदिक	वैदिक	३५	१०
कार्य	आर्य	३७	१५
भएर	भए	३७	१९

२८४.५
धी ६२५ म
ला